# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, चैत्र ६ गते २०२६ साल [ अतिरिक्ताङ्क ५१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

(१) देहाय बमोजिम अध्यक्ष र सदस्य तोकी एक विशेष अदालत गठन गरिएको छ :

(क) कायम मुकायम सह–अञ्चलाधीश श्री लक्ष्मण विक्रम भण्डारी, बागमती अञ्चलाधीश कार्यालय—— सदस्य-अध्यक्ष

(ख) उप-सचिव श्री सम्बृद्धिराज पाण्डे, गृह पञ्चायत मन्त्रालय – सदस्य

(ग) अतिरिक्त जिल्ला न्यायाधीश श्री पुष्पराज कोईराला, काठमाडौं जिल्ला अदालत—— सदस्य

(२) जासूसी ऐन, २०१८ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सो ऐन अन्तर्गतको अपराध सम्बन्धी मुद्दा उपरोक्त विशेष अदालतमा चल्न सक्ने गरी तोकिदिएको छ र उक्त ऐन अन्तर्गत दायर हुन आएका मुद्दाहरू हेरी कारवाई तथा किनारा लगाउन सोही विशेष अदालतलाइ सुम्पी दिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस विशेष अदालतले बागमती अञ्चलभित्र जुनसुकै स्थानमा आफ्नो इजलास कायम गर्न सक्नेछ ।

(४) नेपाल राजपत्र भाग ३, खण्ड १७, अतिरिक्ताङ्क २६, मिति २०२४।६।६ को यस मन्त्रालयको सूचनाद्वारा गठित यसै सम्बन्धी विशेष अदालतलाइ खारेज गरिएको छ ।

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

३८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।